परिशिष्ट "क"

**अन्तर्राष्ट्रिय मानव अधिकार दिवस (१० डिसेम्बर) को उपलक्ष्यमा श्री प्रधान सेनापतिज्यूबाट सकल दर्जालाई प्रदान गर्नु भएको सन्देश (मिति २०७१/०८/२४ गते)**

१. मानिस भएर जन्मेको नाताले प्राप्त गर्नुपर्ने अधिकारहरुको सुनिश्चिततताको लागि संयुक्त राष्ट्र संघको महासभाले **मानव अधिकारको अन्तर्राष्ट्रिय घोषणा-पत्र** जारी गरेको सन् १९४८ डिसेम्बर १० को दिनलाई अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको रुपमा मनाउँदै आएको ब्यहोरा बिदितैछ ।

२. सुरक्षा फौजद्वारा युद्धका नियम अथवा मानव अधिकारको उल्लंघन गरेको पाईएमा दण्डको भागिदार समेत हुनुपर्ने तथ्य प्रष्टछ । विगत शसस्त्र द्वन्द्वको दौरान मानव अधिकार सम्बन्धी कसुर गरेको अभियोगमा नेपाली सेनाबाट तत्काल प्रचलित संबिधान, कानून, सैनिक ऐन र सैनिक न्याय प्रणाली बमोजिम सैनिक अदालत गठन गरि दोषी ठहरिएका सैनिक ब्यक्तिहरुलाई कसूरको मात्रा अनुसार सजाय प्रदान गरिएको ब्यहोरा तपाईहरुलाई जानकारी भएको बिषय हो ।

३. विगत १० बर्षे लामो शसस्त्र द्वन्द्वलाई दिगो शान्तिको रुपमा पुर्नस्थापित गराउने नेपाली जनताको चाहना अनुरुप नेपाल सरकार तथा ने.क.पा. (माओबादी) बिच मिति २०६३ मंसिर ५ गते भएको बिस्तृत शान्ति सम्झौता बमोजिम महत्वपूर्ण तथा जटिल कार्य मध्येको माओबादी सेनाको योग्य लडाकुहरुको नेपाली सेनामा समायोजन गरि सकिएको अवस्थाछ ।

४. नेपालको अन्तरिम संबिधान २०६३ र बिस्तृत शान्ति सम्झौता बमोजिम वेपत्ता पारिएका ब्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग गठन हुने प्रकृयामा रहेका छन । कुनै संगठन तथा ब्यक्तिलाई लक्षित नबनाई अन्तरिम संबिधान तथा शान्ति सम्झौताको प्रावधान, मुलमर्म र भावनालाई सम्बोधन गर्दै संक्रमणकालिन न्याय सम्पादन गरिनु पर्ने नेपाली सेनाको मान्यता रहेकोछ ।

५. संबिधान तथा प्रचलित कानून बमोजिम परिचालन हुँदै आएको नेपाली सेना भबिष्यमा समेत कानून बमोजिम परिचालन हुनुपर्ने अवस्थामा एक पेशेवर सैनिकको रुपमा जस्तोसुकै कठिन तथा चुनौतिपूर्ण कार्यको लागि तम्तयार रही मानव अधिकारको संरक्षण तथा संवर्द्धन गर्दै सैनिक काम कारवाहीहरु गर्न आजको यस अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको सुअवसरमा सकल सैनिक ब्यक्तिहरुलाई शुभकामना दिन चाहन्छु ।

धन्यवाद ।